**संघीय संसद**

**राष्ट्रिय सभा**

**संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति**

बैठक संख्याः२४७

मितिः २०८१/०२/१८

समयः बिहान १०:३० बजे

प्रारम्भ: बिहान १०:४० बजे

अन्त्य: दिनको १२:२५ बजे

<u>छलफल तथा निर्णय</u> :-

समितिको आज मिति २०८१/०२/१८ गते बसेको बैठकमा जलवायु परिवर्तनले हिमाली क्षेत्रमा परेको असर एवं असर न्यूनीकरणका उपायहरु, सगरमाथा क्षेत्रमा देखिएका समस्या अवसर एवं चुनौती, आगामी कार्यदिशा सम्बन्धमा खुम्बु पासाङ्गल्हामु गाउँपालिका उपाध्यक्ष श्री टसी ल्हमु शेर्पा, अन्तर्राष्ट्रिय पर्वतारोहण पथ प्रदर्शक श्री दावा याङ्गजुङ शेर्पा समेतसंग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहणका क्रममा मानव सृजित फोहोर विसर्जनको उपयुक्त प्रबन्ध नहुनु, आरोहणका क्रममा आवश्यकताभन्दा धेरै टेण्टको प्रयोग र सेवा सुविधाले हिमालको प्राकृतिक बनौटमा क्षति पुगेको, सगरमाथा आरोहिको संख्या अधिक रहेको, हिमाल आरोहणका क्रममा सरकारले आरोहण टोलिसंग खटाउने सम्पर्क अधिकृतको सगरमाथा आधार शिविरमा हुने न्यून उपस्थितिले समेत सगरमाथा क्षेत्रमा वातावरणीय असर परेको विषय उठान भयो।

२. हिउँ पग्लने, हिमपहिरो, साथै हिमताल फुटने जस्ता प्राकृतिक विपत्तीको जोखिम न्यूनिकरणका लागि जोखिम क्षेत्र पहिचान र विपत्ति पूर्व सूचना प्रणाली जडान,उद्धार टोली गठन, अनुकुलन, प्रतिकार्य, जोखीम न्युनिकरण, क्षति व्यवस्थापन सम्बन्धी अनुसन्धान गर्न विज्ञहरुको टोली गठन, सगरमाथा क्षेत्रमा आवागमनको लागि नियमित हवाई उडानको सूनिश्चितता, कृषि क्षेत्रमा परेको प्रभाव न्यूनीकरण लगायतका विययहरुमा सम्बन्धित निकाय एवं विषयविज्ञ समेतसंग समितिको आगामी बैठकमा छलफल एवं अन्तरक्रिया गर्ने।

३. समितिको आगामी बैठक मिति २०८१/०२/२३ गते विहान ११:०० बजे बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति